**सम्माननीय सभामुख महोदय,**

आज म यो सम्मानित सदनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग सम्बन्धित केहि सार्वजनिक महत्वको विषयमा जानकारी गराउन चाहन्छु ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग Rehabilitation को आवश्यकता र हालसम्म भए गरेका कार्यहरुको विवरण सम्बन्धमा**

**सम्माननीय सभामुख महोदय,**

- सन् १९७५ देखि विभिन्न चरणमा बिस्तार गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाल ३००० मी. लम्बाई र ४५ मी. चौडाई रहेको धावनमार्ग (Runway) रहेको छ । यस धावनमार्गमा मझौला खाले बिमानहरु (B727, B757 आदि) को लागि प्रयोग हुने गरी Pavement को Structure रहेको छ । समयको क्रमसंगै त्रि.अ.वि. मा मझौला खाले बिमानहरुको साथसाथै ठूला (Wide Body) बायुयान उडान अवतरण हुँदै आएको छ । यसबाट यात्रुहरुको बृद्धिदर वार्षिकरुपमा सरदर ६ प्रतिशत रहेको छ ।
- त्रि.अ.वि. मा पछिल्लोपटक सन् २०१० मा धावनमार्ग Overlay सम्पन्न गरिएको थियो । तर सन् २०१३ देखि बिमानस्थलको धावनमार्गमा कतैकतै पिचमा धर्सा (Hair-Crack) पर्ने समस्या देखिन थाल्यो । सन् २०१५ को विनासकारी भूकम्पमा उक्त धावनमार्गमा कुनै गम्भीर क्षति भएको नदेखिएता पनि भित्री Surface मा सो को असर परेको छ । विशेषगरी वर्षायाममा घाम र पानीको संयोजन हुँदा धावनमार्गको दक्षिणी भागमा चर्किने समस्या देखा परिरहेको छ । यसकारण धावनमार्ग तथा Taxiway मा रहेको Pavement Structure Rehabilitate गर्नु आवश्यक भएको छ । अहिलेको धावनमार्गको स्थायी समाधान भनेको धावनमार्गको भित्री भागसम्मको मर्मत सुधार (Runway Rehabilitation) नै हो ।
- धावनमार्गमा आउने समस्याबाट बायुयान संचालनमा अवरोध हुन नदिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा २४ सै घण्टा परिचालन गर्नेगरी Standby Rapid Action Team खडा गरी धावनमार्गको मर्मत सम्भार भैरहेको छ ।
- Runway तथा Taxiway Rehabilitation गर्न अन्तर्राष्ट्रिय परामर्शदातृ नियुक्त भैसकेको र निर्माण कार्यको लागि ४ वटा अन्तर्राष्ट्रिय निर्माण कम्पनीको Prequalification को कार्य सम्पन्न भैसकेको छ ।
- त्रि.अ.वि. देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल भएकोले धावनमार्ग निर्माण गर्दा आउन सक्ने अप्ठ्यारोलाई मध्यनजर गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग निर्माण सम्पन्न भएसंगै २०१९ को फेब्रुअरी दोस्रो हप्तादेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ४ महिनासम्म प्रत्येकदिन ८ घण्टा बन्द गरी धावनमार्ग सुधार र निर्माणको कार्य आरम्भ गर्ने कार्ययोजना बनाई काम भइरहेको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग Rehabilitation को कार्य २०१९ June सम्ममा सम्पन्न हुनेछ । त्यसपछि यो विमानस्थल २४ सै घण्टा संचालनमा आउनेछ ।

**सभामुख महोदय,**

अव म नेपाल वायुसेवा निगमको संचालन र व्यवस्थापनका सम्बन्धमा अहिले सम्मको अवस्था जानकारी गराउन चाहन्छु ।

नेपाल वायुसेवा निगम ऐन, २०१४ अनुसार १७ आषाढ २०१५ मा देश भित्र र बाहिर सर्वत्र सुरक्षित, कुशल, सुव्यवस्थित, किफायत र उचित रुपबाट हवाई यातायात सेवाको व्यवस्था गर्ने उद्देश्य लिई शाही नेपाल वायुसेवा निगमको नामांकन गरी स्थापना भएको संस्था हो । स्थापनाकालमा एउटा डेकोटा विमान र ९७ जना कर्मचारीबाट शुरु भई दुईवटा बोइंग ७२७, दुईवटा बोइंग ७५७, तीनवटा एभ्रो विमान, ११ वटा टुइन अट्टर र एउटा पिलाटस पोर्टर गरी जम्मा १९ वटासम्म विमानबाट देशभित्र ३९ वटा विमानस्थल र अन्तर्राष्ट्रिय तर्फ ११ वटा शहरमा हवाई सेवा संचालन गरी करिब २५०० कर्मचारीहरुलाई रोजगारी प्रदान गरेको थियो । आजको दिनमा आएर नयाँ आएको दुईवटा वाइड बडी समेत गरेर ५ वटा जेट विमान, ३ वटा टुइन अट्टर र ६ वटा चाइनिज विमान गरी जम्मा १४ वटा विमान संचालनमा छन् भने करिव १४०० जना कर्मचारी कार्यरत छन् । अन्तर्राष्ट्रिय सेवातर्फ अहिले ८ वटा गन्तव्य र आन्तरिक सेवातर्फ २३ वटा गन्तव्यमा सेवा पुऱ्याइरहेको छ ।

Market Share को कुरा गर्दा अन्तर्राष्ट्रिय सेवातर्फ निगमले १० प्रतिशत मात्र ओगटेको छ भने आन्तरिक सेवा तर्फ ३ प्रतिशत मात्र छ । तसर्थ आउँदा दिनहरुमा निगमले दुवैतर्फ विमानसंख्या थप्दै बजारको भाग बढाउँदै निगमको Gross Revenue बढाउँदै लग्ने नीति लिइसकेको छ । यसका साथै नेपाल भ्रमण वर्ष २०२० लाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय तर्फ २०२० को अन्त्यसम्ममा थप दुईवटा न्यारो बडी र थप दुईवटा वाइड बडी खरिद गरेर भारत, चीनका शहरहरु लगायत जापान र कोरियाको अलावा अष्ट्रेलिया र यूरोपसम्म पहुँच पुऱ्याउने कार्यक्रम रहेको छ । त्यसैगरी बौद्ध धर्मावलम्बीहरु भएको मुलुकहरु जस्तै श्रीलंका, म्यानमार, भियतनाम, लाओस, क्याम्बोडियामा पनि निगमको संचालन बिस्तार गर्नेतर्फ अध्ययन विश्लेषण र बजार सर्वेक्षण गरिरहेको छ ।

लामो समय अन्तरालपछि नेपाल वायुसेवा निगमले २०७१ मा पहिलो र वि.सं. २०७२ बैशाखमा दोस्रो न्यारो बडी ए ३२० विमान प्राप्त गरी व्यवसायिक उडान गर्दै आएकोमा यही २०७५।३।१४ मा वाइड बडी ए ३३० थपिएको छ । २०७५।४।१० मा दोस्रो वाइड बडी विमान आएको छ । नयाँ आएको अन्नपूर्ण विमानले व्यवसायिक उडान शुरु गरेको छ भने मकालुले सन् २०१८ सेप्टेम्बर १ बाट व्यवसायिक उडान शुरु गर्नेछ ।

Online Ticketing प्रभावकारी रुपमा शुरु भएको छ । ESewa र IME पद्धतीबाट नेपाल एयरलाइन्सको टिकट लिनसक्ने व्यवस्था भएको छ । नेपाल एयरलाइन्स भित्रको सम्पूर्ण क्रियाकलापहरुलाई पेपरलेस बनाइ Computerised गर्ने कार्य अघि बढाइएको छ । निगमको प्रभावकारितको लागि जनशक्ति विकासलाई उच्च महत्व दिंदै Enterprise Resource Planning को पनि शुरुवात गरिएको छ ।

साथै, "नेपालमा एयरपोर्ट छन् तर जहाज छैनन्" भन्ने मिथकलाई चिर्दै आमजनताको आधारभूत आवतजावतको हकलाई समेत स्थापित गर्ने गरी नेपाल वायुसेवा निगमबाट आन्तरिक उडानका लागि जहाज खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

**सभामुख महोदय,**

यस बीचमा नेपालको पदयात्रा तथा पर्वतारोहणका लागि आउने विदेशी पर्यटकको फर्जी उद्धारका विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरबाट टिकाटिप्पणी आएका छन् । यस सम्बन्धमा छानविन गर्न मन्त्रालयबाट गठित कार्यदलले बिस्तृत अध्ययन छानविन गरी प्रतिवेदन बुझाइसकेको छ । छानविनबाट यस कार्यमा संलग्न देखिएको विभिन्न ८ वटा ट्राभल/ट्रेकिङ्ग/उद्धार कम्पनी, ४ वटा अस्पतालहरु, ३ वटा हेलिकप्टर कम्पनीहरुको शंकास्पद कारोवार सम्बन्धमा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार कारवाही गर्न लेखिपठाइएको छ । विदेशी मुद्राको कारोवार अनुमती लिएको नदेखिएको विभिन्न ५ कम्पनीलाई कारवाहीका लागि नेपाल राष्ट्र बैंकमा प्रतिवेदन सहित पठाइएको छ । निर्धारित मापदण्ड अनुसार उपचार शुल्क लिए नलिएको तथा चिकित्सकीय मर्यादा भित्र रही उपचार भए नभएको सम्बन्धमा कारवाही गर्न देखिएको कैफियत सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाइएको छ । उद्धारका क्रममा संलग्न हुने व्यक्ति/संस्थाको आपसी मिलेमतोमा नक्कली कागजात तयार गरी बीमा दाबी गर्ने गरेको सम्बन्धमा छानविन गरी कारवाही गर्न गृह मन्त्रालयमा पत्राचार गरिएको छ ।
छानविन समिति गठन भएपश्चात् यस्ता नक्कली उद्धार निरुत्साहित भैसकेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । संलग्न दोषी उपर कानूनी कारवाही गर्ने, भविष्यमा यस्ता गैरकानूनी कृयाकलाप नियन्त्रण गर्न यही भाद्र १५ भित्र एक कार्यविधि तयार गरी लागू गरिनेछ । यसबाट नेपालको पर्यटन क्षेत्रका सम्बन्धमा अन्तर्राष्ट्रिय जगतमा पैदा भएको नकारात्मक छविमा सुधार आउने र नेपालको पर्यटन क्षेत्रको विकास र विस्तार हुने अपेक्षा लिएको छु ।

**सभामुख महोदय,**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल २१ घण्टा संचालन कार्य प्रभावकारी भएको छ । एयर ट्राफिक व्यवस्थापन, स्लट व्यवस्थापन, प्राविधिक जनशक्तिको प्रभावकारी परिचालनले उल्लेखित रुपमा ट्राफिक कन्जेसन घटेको छ । विमानस्थलमा सरसफाई, कन्भेयर बेल्टको स्तरोन्नती लगायत समग्र व्यवस्थापनमा सकारात्मक परिणामहरु देखिएका छन् । त्रिभुवन

अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतीका लागि टर्मिनल भवन बिस्तार, सव वे, ट्याक्सी वे को बिस्तार अगाडि बढेको छ । अवको १ वर्षपछि यो विमानस्थलको क्षमता ५० प्रतिशत बढ्नेछ । हामीले आन्तरिक विमानहरुको उडान विहानैबाट शुरु गर्ने अभ्यास गरेका छौं । सेप्टेम्बर १ देखि विहान ५ बजे नै एयरपोर्ट खुल्ला हुनेछ र ६ बजेबाट आन्तरिक उडान शुरु हुनेछन् ।

नेपाल र भारतबीच पर्यटन प्रबर्द्धनका लागि रहेको Joint Working Group on Tourism Cooperation को दोस्रो बैठक यही असार २२ गते काठमाडौंमा सम्पन्न भयो । यस बैठकले रामायण सर्किट, बुद्धिष्ट सर्किट, Adventure Tourism तथा नेपालमा प्रस्तावित पर्यटन विश्वविद्यालयका लागि शैक्षिक कार्यक्रमहरु आदानप्रदान गर्ने सम्झौता भएको छ । उक्त बैठकमा भएको सहमति अनुसार भारततर्फ जाने नेपाली सवारी साधनलाई सहज रुपमा अनुमति प्रदान गर्ने कार्यको शुरुवात समेत भएको जानकारी प्राप्त भएको छ । यसै गरी उक्त बैठकले भारत सरकारको Leave Travel Concession (LTC) सूचिमा नेपाललाई राख्ने, जनकपुरमा मिथिला म्यूजियमको स्थापना गर्ने, भारतीय हिमालहरु आरोहण गर्ने नेपालीलाई सहजरुपमा आरोहणप्रमाणपत्र उपलब्ध गराउने लगायतका सम्झौता भएको छ ।

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीच पर्यटन क्षेत्रमा आपसी सहकार्य गर्ने उद्देश्यका साथ श्रावण ६ देखि ९ सम्म तिब्बतमा भएको वार्ताबाट ल्हासा-केरुङ-काठमाडौंको दोहरो बस सेवा संचालन र कैलाश क्षेत्रमा पर्यटन प्रबर्द्धनका लागि Tourist Cooperation Zone बनाउन छलफल अघि बढेको छ ।

२०७५ आषाढ ७ गतेदेखि चन्द्रगढी विमानस्थल भू-उपग्रहमा आधारित उडान अवतरण प्रणाली शुरुवात भएको छ । राजविराज र सुर्खेत विमानस्थलहरु नियमित रुपमा संचालन गरिएको छ । चन्द्रगढी, जनकपुर, बिराटनगर, नेपालगंज, धनगढी विमानस्थललाई स्तरोन्नती गर्ने काम यस वर्षदेखि नै शुरु हुनेछ ।

चिनिया जहाजहरुको नियमित उडानको लागि त्यसका पार्टपूर्जा र प्राविधिक सहयोगको लागि निर्माता कम्पनीसंग पहल भैरहेको र नियमित उडान गर्नेगरी तयारी भैरहेकोछ ।

भूकम्पबाट क्षतिग्रस्त सम्पदा मध्य १८५ वटा सम्पदाको पुनर्निमाण सम्पन्न भएको छ । पाटन स्थित कृष्ण मन्दिर लगायतका क्षतिग्रस्त सम्पदाहरु एवम् स्वयम्भू स्थित अनन्तपुर र प्रतापपुर मन्दिर लगायतका सम्पदाहरुको पुनर्निर्माण कार्य तीब्र गतिमा अगाडि बढिरहेको र यही भाद्र दोस्रो हप्तासम्ममा कार्यसम्पन्न गर्ने लक्ष रहेको छ ।

**सभामुख महोदय,**

यस गरिमामय संसदलाई मैले मन्त्रालयका सार्वजनिक महत्वका विषयमा संक्षेपमा जानकारी गराएको छु । मन्त्रालयका काम कारवाहीका सम्बन्धमा सम्मानित सदन तथा माननीय सदस्यज्यूहरुबाट निरन्तर सल्लाह र सुझाव प्राप्त हुने आशा राखेको छु ।